नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

संघीय मामिला शाखा

पत्र सङ्ख्याः- सं. मा.शा. २०७४।०७५
चलानी संख्याः ९३१

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाडौं

मितिः २०७४/१०/२९

विषयः- जानकारी सम्बन्धमा ।

श्री महाशाखा सबै
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
श्री केन्द्रिय पञ्जिकरण विभाग
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार
श्री जिल्ला समन्वय समिति (सबै)
श्री गाउँपालिका (सबै)
श्री नगरपालिका (सबै) ।

नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम सम्बन्धित गाउँसभा वा नगरसभाको सिफारिस अनुसारको गाउँपालिका तथा नगरपालिकाको नाम, केन्द्र वा नाम र केन्द्र दुवै हेरफेर भई नेपाल राजपत्र खण्ड ६७, संख्या ४९, मिति २०७४ पुस २४ गते सूचना प्रकाशित हुँदा क्रमसंख्या ४५ मा बझाङ जिल्ला, काँडा गाउँपालिकाको अब कायम हुने नाम "साइपाल गाउँपालिका" हुनपर्नेमा अन्यथा भएकोले नेपाल राजपत्र खण्ड ६७, संख्या ५३, मिति २०७४ माघ १५ गते भूलसुधारको सूचना प्रकाशित भएको जानकारी गराईन्छ ।

बोधार्थः श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन ।

२०७४/१०/२९
दुर्गा दाहाल
(शाखा अधिकृत)

## सूचना २

नेपाल सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.१ बमोजिम देहायको चार किल्लाभित्र साँफेबगर जग्गा एकीकरण गरी तयार गरेको आयोजना सोही दफाको उपदफा ३.२ बमोजिम स्वीकृत गरेकोले उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :–

पूर्व: व्यक्तिगत जग्गाहरु (कित्ता नं. ५९०, ५९१, ५९२ लगायत २२ वटा कित्ताहरु)
पश्चिम: साँफेबगर-मंगलसेन सडक
उत्तर: कुलो र बाटो
दक्षिण: साँफेबगर-मंगलसेन सडक र छिपे खोला।

आज्ञाले,
दीपेन्द्र नाथ शर्मा
नेपाल सरकारको सचिव

## भूलसुधार

खण्ड ६७, संख्या ४९, मिति २०७४।९।२४ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचनाको क्रमसंख्या ४५ मा बझाङ काँडा गाउँपालिका काँडाको अब कायम हुने नाम तथा केन्द्रमा "साइपाल गाउँपालिका" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ।

मुद्रण विभाग।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मुल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३